पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

# पैयूँ गाउँपालिकाको आ.व २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू,
वडाध्यक्षज्यूहरु,
कार्यपालिका सदस्यज्यूहरु,
सदस्यज्यूहरु

**पैयूँ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।**

१ लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सामाजिक आर्थिक परिवर्तनको आन्दोलनमा मुलुक र जनताका लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुमा उच्च सम्मान प्रकट गर्दछु, साथै नयाँ भेरियन्ट सहितको कोभिड-१९ रोगको कारणबाट यस पालिका भित्र मृत्यु भएका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली र मृतकका परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

२ कोभिड-१९ को दोस्रो भेरियन्टबाट उत्पन्न महामारीको वर्तमान असहज परिस्थितिमा सबै पैयूँबासी जनता, मुलुकभित्र र बाहिर रहनुभएका नेपाली जनसमुदाय र विश्वभर रहेका सम्पूर्ण मानवजातिहरुको स्वास्थ्य र सुरक्षाको कामना गर्दछु ।

३ महामारीका रुपमा फैलिएको कोभिड-१९ को दोस्रो भेरियन्टको यस महाविपद्को घडीमा अहोरात्र खटिनुहुने सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, प्रहरी, कर्मचारी, राजनैतिक दल, जनप्रतिनिधिहरु तथा यस कठिन घडीमा गाउँपालिकालाई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुका साथै जिल्ला तह र कोभिड-१९ को दोस्रो भेरियन्टका विरुद्ध गरिएको लकडाउन (बन्दाबन्दी) को पूर्ण पालना गरी सहयोग गर्नुहुने सबै पैयूँबासीहरुमा विशेष आभार प्रकट गर्दछु ।

४ समग्र राष्ट्र र गाउँपालिकाको विकासमा सदा सर्वदा विभिन्न तह र तप्काबाट सहयोग पुर्‍याउने सम्पूर्ण पैयूँ बासी आदरणीय आमा, वुवा, दिदी, बहिनी तथा दाजुभाईहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

**सदस्य ज्यूहरु,**
**चालु आर्थिक वर्षको संक्षिप्त प्रगति समिक्षा प्रस्तुत गर्न चाहन्छु ।**

५ चालु आर्थिक वर्षमा पनि कोभिड-१९ को महामारीका कारण वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु प्राप्ति र बजेट तथा योजना कार्यान्वयनमा प्रत्यक्ष रुपमा असर पारेको तथ्य हामी बीच प्रष्ट छ । कोरोना महामारीका कारण सृजना भएको जटिल अवस्थालाई मध्यनजर गरी गाउँपालिकाभित्र रु.४० लाखको महामारी नियन्त्रण तथा व्यवस्थापन कोषको स्थापना गरी कोभिड-१९ को उपचार, रोकथाम तथा नियन्त्रणको ब्यबस्था मिलाइएको छ ।

६ कोभिड-१९ उपचार, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट प्राप्त रु.१० लाखबाट वेडको कोरोना अस्थायी अस्पताल निर्माण गरिएको छ भने १ जना मेडिकल अधिकृत र २ जना स्टाफ नर्सको व्यवस्था गरी उपलब्य स्रोत साधन र जनशक्तिको अधिकत्तम परिचालन गरिएको छ।

७ स्वास्थ्य कार्यालय पर्वत, विभिन्न संघ संस्था, नागरिक समाज तथा राष्ट्रिय स्तरका विशिष्ट व्यक्तित्व ज्यूहरुबाट समेत स्वास्थ्य सुरक्षा सामग्री प्राप्त भएको छ कोभिड-१९ उपचार, रोकथाम तथा नियन्त्रण कार्यलाई व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा कृतज्ञता प्रकट गर्दछु।

८ पिपिई, मास्क, स्यानिटाईजर, डिसईन्फेक्टेन्ट लगायत अत्यावश्यक औषधीको व्यवस्था गरी सम्पूर्ण पैयूँबासीहरुलाई कोरोनाको महामारीबाट सुरक्षित बनाउन अधिकतम प्रयास भएको छ ।कोभिड-१९ र जनस्वास्थयलाई मध्यनजर गरी ७ वटै वडा कार्यालयका स्वास्थ्य केन्द्रहरुमा स्वास्थ्य सुरक्षा सामग्री र औषधीको प्रयाप्त ब्यबस्था मिलाइएको छ ।

९ कोभिड -१९ को संक्रमण पहिचान गरी उपचार, रोकथाम तथा नियन्त्रण गर्न PCR र Antigen परीक्षण आवस्यकता अनुसार प्रयाप्त मात्रामा गरिएको छ ।

१० सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम अन्तर्गत बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ।यस कार्यक्रमले वालपोषण स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पारेको छ ।

११ घुमाउने घर संरक्षण कार्यक्रम अन्तर्गत घर पहिचान भई संरक्षण गरिएको छ । खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत सबै वडाका १४० वटा घरपरिवार संग सम्झौता भई कार्यान्वयन प्रक्रिया अगाडि बढेको छ ।

१२ सबै वडाहरुमा कृषकहरुलाई अनुदानको रुपमा तरकारीको विउ वितरण गरिएको छ । भकारो सुधार कार्यक्रम अन्तर्गत सबै वडाका ४० जना किसानहरुलाई अनुदान उपलब्ध गराइएको छ, जसबाट कृषकको उत्पादन वढ्नुको साथै रोजगारी सिर्जना भई कृषकको आम्दानी समेत वढेको छ । यसै गरी ७ वटै वडामा मौरीको घार चालु आ.व. भित्रै अनुदानमा उपलब्ध गराउन ३५ थान घार खरिद प्रक्रिया अगाडि वढेको छ, भने सबै बडाहरुलाई समेटेर १०० थान प्लास्टिकको टनेल खरिद भई वितरणको चरणमा रहेको छ ।

१३ पैयूँ गाउँपालिकालाई अदुवा र वेसारमा आत्मनिर्भर बनाउन बिउ र मल अनुदानमा वितरण गरी वडा नं. २ र ३ मा समुहगत रुपमा अदुवा र वेसारको खेती प्रारम्भ गरिएको छ भने कफि खेतिलाई नगदेबालिका रुपमा विस्तार गर्न वडा नं. ३ र ६ मा सामुहिक कफि खेतीका लागि अनुदानमा मल, विउ र विरुवा हस्तान्तरण गरी कफि खेति प्रारम्भ भइसकेको छ ।

१४ साना सिंचाई अन्तरगत सात वटै वडामा १९ वटा योजना रहेकोमा १८ वटा योजना संझौता भई कार्यान्वयनमा रहेका छन् भने बाँकी १ वटा योजना समेत चालू आ.व. भित्रै सकिने गरी आवश्यक कार्यप्रक्रिया अगाडि बढाइएको छ । यसै गरी ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा

किसानहरुलाई वितरण गर्ने कार्य समेत चालु आ.व. भित्रै सम्पन्न हुने गरी आवश्यक व्यवस्था मिलाइएको छ ।

१५ कृषि पकेट कार्यक्रम अन्तर्गत वडा नं. ३ मा सुन्तला पकेट र वडा नं. ४ र ५ मा कागती र मकै पकेट कार्यक्रम सञ्चालनमा रहेको छ ।

१६ पाडापाडी संरक्षण कार्यक्रम अन्तर्गत कृषकहरुलाई अनुदान प्रदान गर्ने प्रक्रिया चालू आ.व. भित्रै सम्पन्न हुने गरी अघी वढेको छ । जसबाट पशु ब्यबसाय सञ्चालनका लागि थप उत्प्रेरणा मिल्ने देखिएको छ ।

१७ लघुउद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम सचेतना कार्यक्रम सम्पन्न भई उद्यमीको सृजनशीलतामा टेवा पुगेको छ। स्थानीय दलित महिला उद्यमीद्वारा सञ्चालित बेउलीबास ढाका उद्योगको क्षमता अभिबृद्धि तथा प्रोत्साहन स्वरुप ढाका बुन्ने तान उपलब्ध गराइएको छ जसबाट महिला उद्यमशिलताको विकास भएको छ भने स्थानीय रोजगारीलाई समेत टेवा पुऱ्याएको छ ।

१८ कक्षा १ देखि ३ सम्म अनिवार्य अग्रेजी माध्यममा पठनपाठनलाई निरन्तरता दिइएको छ । जसबाट विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि भई शिक्षक समेतको कार्यक्षमता अभिवृद्धि भएको छ । साथै बार्षिक शैक्षिक गतिविधिहरुलाई नियमित गर्न शैक्षिक/क्यालेण्डर प्रकाशन ल्याई विद्यालय सञ्चालनमा एकरुपता ल्याइएको छ ।

१९ सबै वडालाई एक एक थान प्रिन्टर, स्क्यानर मेसिन र डङ्गोल उपलब्ध गराई पञ्जिकरणलाई विद्युतिय माध्यमबाट अभिलेखिकरण गर्ने कार्य सम्पन्न भएको छ, जसबाट जन्म, मृत्यु, बसाइसराई जस्ता पञ्जिकरण सम्बन्धी अभिलेख चुस्त दुरुस्त रहेको छ, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई ब्यवस्थित बनाइएको छ ।

२० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत ३ वटा विद्यालयहरुमा २ कोठे भवन निर्माण हुने गरी प्रक्रिया अगाडि वढेको छ ।

२१ परम्परागत कृषि प्रणालीलाई यान्त्रिकिरण गर्ने उद्देश्यका साथ यस आ.व भित्रै कृषकहरुलाई जम्मा ३० वटा हाते ट्रयाक्टरका साथै २३ वटा कुटानी पिसानी मिल प्रदान गर्ने कार्य प्रक्रिया अगाडि बढाइएको छ ।

२२ गाउँपालिकाको सबै वडाका मुख्य सडकहरुको स्तरोन्नतीका लागि ठेक्का प्रकृया मार्फत सडक स्तरोन्नतिको काम भइरहेको छ । समयमै कार्य सम्पन्न भई स्थानीय उत्पादनको बजारिकरण गरी आय आर्जनमा टेवा पुर्‍याउने छ ।

२३ प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत **सिरवानी बालाकोट सडकको** निर्माण कार्य ठेक्का प्रकृयाबाट भईरहेको छ । जसले पैयूँ क्षेत्रको पूर्वाधार विकासलाई तिव्रता दिनुका साथै अन्तरतह समन्वय समेत सुमधुर भएको छ ।

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

२४ गाउँपालिकाको वडा नं. २ त्रिवेणीमा खेल मैदान निर्माण कार्यका लागि प्रदेश सामाजिक विकास मन्त्रलयबाट विनियोजित बजेट अन्तर्गत खेल मैदान निर्माण कार्य तिब्रताकासाथ अगाडि बढाइएको छ । जसले स्थानीय खेलाडीहरुको उत्साह वढाएको छ ।

२५ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि निर्माण व्यवसायी संग सम्झौता भई १८ महिना भित्र निर्माण कार्य सम्पन्न हुने गरी अघि वढेको छ ।

२६ पालिका अन्तर्गतका सवै वडा कार्यालयबाट आफ्नै स्वामित्वमा रहेका भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यका साथ अगाडी वढिरहेको अवस्थामा हाल भाडाको भवनमा सञ्चालनमा रहेका वडा नं. ३ र ७ मध्ये वडा नं ७ को वडा कार्यालय भवन निर्माण कार्य चालु आर्थिक वर्ष भित्र सकिने गरी काम भइरहेको छ । साथै २ र ५ नं. वडाको कार्यालय भवनमा कम्पाउण्ड वाल निर्माण कार्य सम्पन्न भइसकेको छ । त्यसै गरी ४ नं वडा कार्यालयको तला थप कार्य समेत यसै आ.व.मा सम्पन्न हुनेछ ।

२७ पैयूँ गा.पा. साविक हुवास स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १० शैयाको अस्पताल बनाउने नेपाल सरकारको निर्णय अनुसार अस्पताल निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ । अस्पतालको निर्माण स्थल पूर्ण समथर नभएकोले अस्पताल निर्माणका लागि यस पालिकालाई समेत आर्थिक दायित्व पर्ने भएको छ ।

२८ जनसेवा संस्कृत मा.वि.मा सशर्त अनुदान तर्फबाट वास (WASH) सहितको शौचालय निर्माण भएको छ ।

२९ स्थानीय स्रोतसाधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गर्दै त्यस्ता उद्योगहरुको स्थापना विकास र पर्वद्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने नेपाल सरकारको नीति अनुरुप यस पालिकामा औद्योगिक ग्राम स्थापनाका लागि साविक सरौंखोला गा.वि.स.- ५ हाल वडा नं. ६ डुडेमा जग्गा प्राप्तिको लागि सहमती भएको छ भने उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयको समन्वयमा पूर्व सम्भाव्यता अध्ययन कार्य सुरु भएको छ । साथै उक्त परियोजनाको लागि आवश्यक पर्ने जग्गा यस स्थानीय तहले प्रचलित ऐन वमोजिम मुआब्जा र अन्य सबै खर्च बेहोर्ने गरी जग्गा प्राप्त गर्न नेपाल सरकारलाई अनुरोध गर्ने गरी मिति २०७८/०१/१२ गते गाउँ कार्यपालिकाबाट निर्णय भई सोहि अनुसार कार्य प्रक्रिया अगाडि बढेको छ ।

३० रोजगारीका प्रयाप्त अवसर सृजना गरी उपलब्ध जनशक्तिको अधिक्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा रहेको रोजगार सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ । रोजगार सेवा केन्द्र मार्फत स्थानीय आवश्यकता अनुसार विशेषरुपमा ग्रामिण भौतिक पूर्वाधारका विभिन्न २२ वटा आयोजना सम्मन्न भई दलित, महिला, विपन्न, वेरोजगार लक्षित वर्गका ११० जनाले रोजगारी पाएका छन् ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

यस कार्यक्रमबाट गरिब परिवारलाई राहत पुगेको महशुस गरिएको छ । यसले स्थानीय उत्पादन समेत बृद्धि गरेको छ ।

३१ पुनर्निमाण (भूकम्प) अन्तर्गत कुल ८३८ लाभग्रहिहरु मध्ये हाल सम्म ४७४ लाभ ग्राहीहरुको घर पुर्निर्माण सम्पन्न भएको छ भने बाँकी लाभग्राही मध्ये पहिलो किस्ता २५५ जना र दोस्रो किस्ता १०९ जना लाभग्राहीहरुले रकम प्राप्त गरिसकेका छन् ।

३२ न्यायिक समिति सञ्चालनका लागि तयार भएको कार्य विधि अनुसार कर्मचारीको व्यवस्था भई नियमित कार्य सम्पादन भएको छ । ७ वटै वडाहरुमा वडा स्तरीय मेलमिलाप समिति समेत गठन भई उक्त समितिमार्फत न्यायिक समितिमा परेका उजुरीहरु विभिन्न विवाद तथा असमझदारीहरुलाई समाधान गरी स्थानीबासीहरु बीच मेलमिलाप र सौहार्द्रपूर्ण वातावरण कायम गर्ने कार्य भएको छ । जसबाट कानून वमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवादहरु स्थानीय न्यायिक समितिबाट निरुपण भई न्यायको पहुँच पुगेको महसुस गरिएको छ ।

३३ संवैधानिक व्यवस्था अनुसार विपद व्यवस्थापन ३ वटै सरकारको कार्य जिम्मेवारी भएको र त्यसमा पनि स्थानीय सरकार जनताको सवै भन्दा नजिकको सरकार भएकोले विपद् प्रतिकार्यमा पालिकाको भुमिका द्रुत रहदै आएको छ । चैत्र महिनामा ६ नं वडा डाँडाकाहुँ मा भएको आगोलागीको दुखद घटनाका पिडित जनताका लागि तत्काल राहत उपलव्ध गराईएको छ ।

३४ बाढी पहिरोवाट घर/गोठ, जमिन क्षति भएका २४९ जना पिडित व्यक्तिहरुका लागि राहत रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । त्यस्तै बाढि पहिरोजन्य विपद्बाट क्षति भएका स्थानीय स्तरका संचरनाहरु सुधार तथा मर्मतका लागि ह्यूम पाइप, खानेपानी पाइप र तारजाली समेत उपलब्ध गराईएको छ ।

**सदस्य ज्यूहरु,**

**अव म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**<u>आर्थिक क्षेत्र</u>**

३५ जल, जंगल, जमिन र जैविक विविधताको उच्चतम प्रयोग गर्दै कृषिलाई पहिलो प्राथमिकता दिई माटो, हावापानी ,चरन क्षेत्रको पहिचान गरी पशुपालन, तरकारी खेती, माछापालन, फलफूल खेती, मौरीपालन, कुखुरापालन लगातका नगदे वालीहरुका विशेष उत्पादन क्षेत्रको विकास गरिनेछ ।

३६ कृषि र पशुपालनमा नमुना ब्यावसायीक फर्म सञ्चालन गरी युवा कृषकहरुलाई कृषिमा प्रोत्साहन गर्न **युवा कृषकका लागि आकर्षक कार्यक्रम** सञ्चालन गरिने छ ।

३७ परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः व्यवसायीकरण र आधुनीकिकरण गरिनेछ ।

३८ गाउँपालिका भित्र आवश्यकतानुसार सिंचाई कुलोहरुको निर्माण तथा मर्मत गरी कृषिजन्य जग्गाहरुमा बाह्रै महिना सिंचाइको सुविधा पुऱ्याइनेछ ।

गाउँपालिका
गाउँपालिकाको कार्यालय
पर्वत
प्रदेश, नेपाल
२०७३

३९ **जनताको उत्पादन गाउँपालिकाको योगदान कार्यक्रम'** मार्फत कृषकहरुलाई निश्चित उत्पादन र उद्यमशीलताका आधारमा बिउ, मल, कृषि औजार, ढुवानी लगायत विभिन्न प्रकारका कृषि अनुदानको व्यवस्थालाई निरन्तरता दिइने छ ।

४० गाउँपालिकाभित्र रहेका बाँझो जमिनको एकीकृत लगत संकलन गरी **भूमि बैंकको** स्थापना गरिनेछ र भूमि बैंकमा रहेको बाँझो जमिनलाई लिजमा लिई विपन्न तथा भूमिहीन वर्गलाई पहिलो प्राथमिकतामा राखि कृषि तथा पशुपालन व्यावसाय सञ्चालन गर्न दिई उत्पादकत्व वृद्धि गर्न **उत्पादनमा आधारित अनुदान कार्यक्रम** सञ्चालन गर्ने कार्य अगाडि बढाइने छ ।

४१ व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

४२ नेपाल सरकारसंग लागत साझेदारी गरी स्थानीय कृषि उत्पादनको संकलन,विक्रि वितरणको प्रबर्द्धनका लागि कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण गरिने छ ।

४३ खाद्यान्नको पर्याप्त उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नमा आत्मनिर्भरताका साथै खाद्य सुरक्षामा टेवा पुर्याइनेछ ।

४४ स्थानीय कृषि उपजहरुको विक्री वितरणका लागि **मासिक रुपमा हाटबजार** को व्यवस्था गरिनेछ ।

४५ निर्यातयोग्य एवं उच्च मूल्यका कृषिजन्य बाली/वस्तुहरुको उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

४६ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार - प्रसार र प्राविधिक सेवा सर्वसुलभ रूपमा प्रदान गरिने छ ।

४७ कृषि तथा पशु व्यवसायमा संलग्न नागरिकहरुलाई सामाजिक सम्मानको वातावरण सिर्जना गरिनेछ।

४८ **हाम्रा र राम्रा रैथाने बीउ विजनहरुलाई** संरक्षण गर्नका लागि **बिज बैंक** (SEED BANK) को स्थापना गरिनेछ ।

४९ कृषि तथा पशुपालन व्यावसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपंक्षीको तथ्याङ्क नियमित अध्यावधिक गरिनेछ ।

५० पर्यटनलाई गाउँपालिकाको आर्थिक विकासको आधारका रुपमा विकास गर्न पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार विकासमा जोड दिइनेछ।

५१ आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी गाउँपालिका भित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुन सक्ने स्थानहरुमा होमस्टे सञ्चालन गर्न होमस्टे प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

५२ पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै ऐतिहासिक पैयूँकोट, नायक सायब थान, पालुस्थान, दफर्कू चालालुङ्ग, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, बानिडाँडा छहरे झरना, ढुवाखोला झरना,टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल,

धैर्यं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
..वास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

कोलकाटे वैष्णवी देवी मन्दिर, त्रिवेणी धाम लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा उपयुक्त पूर्वाधार थप गरिने छ ।

५३ गाउँपालिका क्षेत्र भित्र रहेका वनजङ्गल र जिवजन्तुहरुको प्राचुर्यतालाई व्यवस्थित गरी **जैविक पर्यटन**को विकास गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

५४ प्रदेश तथा केन्द्र सरकार संग सहकार्य गरी पालिकाको पर्यटन क्षेत्रको एकिकृत विकासका लागि संभाव्यता अध्ययन/डि.पि.आर. तयार गरिनेछ ।

५५ स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग गरी कम लगानीमा सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योगहरु स्थापना तथा सञ्चालनमा जोड दिइनेछ।

५६ आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक विकास गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्रामको स्थापना तथा सञ्चालनको कार्य अगाडि वढाइनेछ ।

५७ गाउँपालिका भित्र सञ्चालित विभिन्न व्यवसायलाई थप व्यवस्थित गराइनेछ ।

५८ सहकारी एवं सामुहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ, सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न **एक सहकारी एक नमुना उत्पादन कार्यक्रम**लाई प्रोत्साहन गरिनेछ ।

५९ सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, नियमन तथा प्रवर्द्धन गरी सहकारीलाई समृद्धिका लागि वित्तीय लगानी कर्ताको रुपमा विकास गर्न थप व्यवस्थित र सुदृढ गर्दै लगिने छ । एक वडा एक सहकारीको नीतिलाई निरन्तरता दिइने छ ।

६० लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सवै वस्ति स्तरमा विस्तार गरिनेछ । ड्राइभिङ, हाउस वायरिङ, प्लम्विङ, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइ कटाइ जस्ता सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गरिने छ । साथै साझा सुविधा केन्द्रको स्थापना गरिनेछ ।

### सामाजिक क्षेत्र

**सदस्य ज्यूहरु,**

६१ गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुको अवस्थामा थप सुधार ल्याई शैक्षिक गुणस्तरमा वृद्धि गरिनुका साथै गरिब र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ। उत्कृष्ट नतिजाका साथ शैक्षिक क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने विद्यालयलाई प्रोत्साहन गरिने छ ।

६२ हाल विद्यमान कोरोना भाईरसको महामारीका कारण सिर्जित असहज स्थितिमा वैकल्पिक शिक्षण विधिको प्रयोग गरी शैक्षिक क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइने छ । साथै सिकाई सहजिकरण स्वअध्ययन सामग्री छपाइ गरी प्रत्येक विद्यार्थीलाई वितरण गरिने छ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
क्वास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

६३ संघीय सरकारबाट निर्धारित कार्यविधि र मापदण्डको अधीनमा रही गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरु मर्ज गरी सामुदायिक विद्यालयको शिक्षालाई थप गुणस्तरीय बनाइने नीतिलाई निरन्तरता दिइनेछ ।

६४ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गर्नुका साथै क्रमशः **१ वडा १ सामुदायिक नमुना विद्यालय**को विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

६५ फरक क्षमता भएका बालबालिकाका साथै बालमैत्री र छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरी विद्यालयहरुको भौतिक संरचनाहरुमा क्रमशः सुधार गर्दै लगिनेछ। कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसरबाट बञ्चित हुनुपर्ने स्थितिलाई अन्त्य गरिनेछ ।

६६ शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय गरी यस गाउँपालिकाको शैक्षिक विकासमा टेवा पुऱ्याउन एकीकृत कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

६७ सामुदायीक विद्यालयहरुमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न क्रमशः ICT को प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ । विद्यालयमा वालमैत्री तथा सिकाईमैत्री कक्षा कोठाको व्यवस्था गर्न बुक कर्नर तथा सिकाई कुनाको व्यवस्था गरी कक्षा कोठालाई छापामय वनाउने नीति लिइने छ ।

६८ दलित, महिला, आदिवासी जनजाति एवं सीमान्तकृत वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ । एस. ई. ई. लगायत विभिन्न तहमा गाउँपालिकाबाट सर्वोत्कृष्ट नतिजा ल्याउने छात्र छात्राहरुलाई सम्मान गरिने छ।

६९ गाउँपालिकाको शिक्षा क्षेत्रमा विशेष योगदान पुऱ्याउने तथा लामो समय सम्म शिक्षण गर्ने शिक्षक, शिक्षिकाहरुलाई सम्मान गरिनेछ ।

७० जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अभिभावकसहितको संयुक्त उपस्थितिमा एक अर्कालाई उत्तरदायी बनाउनुका साथै सामुदायिक विद्यालयको शिक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।

७१ आधारभूत विद्यालयहरुको हकमा कक्षा ८ को परीक्षाको नतिजा र मा. वि. हरुको हकमा एस.ई.ई परीक्षाको नतिजाका साथै विद्यालयको समग्र शैक्षिक वातावरण तथा व्यवस्थापन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष **उत्कृष्ट वर्ष विद्यालय** (School Of the Year) का रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

७२ गाउँपालिकाको शैक्षिक क्षेत्रमा सुधार ल्याउनका लागि **गाउँपालिका शिक्षा सुधार रणनीति** निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७३ सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ ।

७४ एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार प्रत्येक विद्यालयमा क्रमश पुस्तकालयको स्थापना गरिने छ ।

७५ शैक्षिक विकास, सुधार तथा गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ यसका लागि गाउँ शिक्षा ऐन तथा नियमावलिमा समसामयिक सुधार गरिनेछ ।

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...स, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

७६ छात्रा संग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ। यस अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड उपलब्ध गराइने छ।

७७ यस गाउँपालिकाका सबै वालवालिकालाई अनिवार्यरुपमा विद्यालय जाने कार्यक्रमलाई अभियानको रुपमा सञ्चानल गरिने छ। साथै साक्षरता सम्वन्धी कार्यक्रम मार्फत पैयूँ गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाइने छ ।

७८ प्रविधिक तथा व्यवसायीक शिक्षाका लागि एक प्राविधिक शिक्षालय स्थापना गर्ने नीति लिइने छ ।

७९ सूचना प्रविधिमैत्री शिक्षामा जोड दिन सामुदायिक आधारभुत विद्यालयमा नेपाल टेलिकम संगको सहकार्यमा निशुल्क इन्टरनेट सेवा पहुँच सुनिश्चित गरिने छ ।

८० शिक्षाको गुणस्तर सुधार गर्न नविनतम प्रविधिको प्रयोग र गुणस्तर मापदण्ड वनाइ लागु गरिने छ।

८१ वैदेशिक रोजगारीबाट गाउँ फर्केका युवाहरुलाई मध्यनजर गरी उनिहरुको सीपलाई उपयोग गर्न **युवा उद्यमशीलता कार्यक्रम** सञ्चालन गरिने छ ।

८२ युवालक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । विभिन्न युवा क्लबहरु तथा युवा लक्षित संघ संस्थाहरुसँग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासका अवसरहरु प्रदान गरिने छ ।

८३ खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ । साथै गाउँपालिकाभित्र रहेका **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई** सम्मान र प्रोत्साहन गरिने छ ।

८४ खेलकुद विकासलाई जोड दिँदै **गाउँपालिका स्तरीय रङ्गशाला निर्माण** लगायत खेलकुदसम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिने छ । खेलकुद क्षेत्रको विकासका लागि क्रमशः**१ वडा १ खेल मैदान निर्माण गर्ने व्यवस्था गरिने छ ।**

८५ गाउँपालिकामा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

८६ युवाहरुलाई दुर्व्यसनीमा लाग्न नदिन आवश्यक कदम चालिनेछ ।

८७ गाउँपालिकाभित्र स्थापना भएका युवा क्लबहरुलाई समाज सुधार तथा विकास निर्माण कार्यमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

८८ युवाहरुलाई उद्यमशीलतातर्फ उन्मुख गराउनका लागि प्रोत्साहन मूलक कार्यक्रमहरुको व्यवस्था गरिने छ ।

८९ **पालिकास्तरमा अध्यक्ष कप खेलकुद** प्रतियोगिता आयोजना गरिने छ ।

९० प्रत्येक वडामा युवा क्लव गठन गरि पैयूँ नमुना युवा कार्यक्रम सञ्चालन गरिने छ ।

**सदस्य ज्यूहरु,**

९१ कोरोना भाईरस महामारीका कारण सृजित वर्तमान कठिन परिस्थितिमा सम्पूर्ण पैयूँबासीहरुलाई कोभिड-१९ दोस्रो भेरियन्टबाट सुरक्षित राख्नका लागि उपलब्ध स्रोत साधन र जनशक्तिको अधिकतम परिचालन गरिने छ ।

९२ कोभिड -१९ दोस्रो भेरियन्टको महामारी नियन्त्रण उपचार तथा निदानका लागि गाउँपालिका स्तरमा सुरक्षित एवं आवश्यक उपकरण सहितको अस्पताल, आइसोलेसन निर्माण तथा स्वास्थ्यकर्मीहरुका लागि आवश्यक सुरक्षा सामग्रीहरु पी.पी.ई, मास्क, स्यानिटाईजर, ग्लोब्स आदि स्वास्थ्य सामग्रीको पर्याप्त प्रबन्ध गरिनेछ ।

९३ आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य बनाउन थप व्यवस्था गरिने छ ।

९४ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमासुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ।परिवार नियोजन तथा किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

९५ महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९६ गाउँपालिकाभित्र अत्यावश्यक पर्ने औषधीहरुको वर्षभरि नै प्रयाप्त हुने गरी व्यवस्था मिलाइने छ।

९७ सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्नका लागि गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई सुविधा सम्पन्न वनाइनेछ ।

९८ विभिन्न सरुवा रोगहरु तथा महामारी रोकथामका निम्ति जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ । साथै आयुर्वेद चिकित्सा पद्धतितर्फ नागरिकहरुलाई प्रोत्साहित गरिने छ।

९९ महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुलाई लक्षित गरी विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

१०० गाउँपालिकाभित्रका बर्थिङ्ग सेन्टर स्वास्थ्य संस्थाहरुमा नियमित चेकजाँच गराई गाउँपालिकाको स्वास्थ्य संस्थाबाट नै प्रसूति सेवा लिने आमाहरुलाई लक्षित गरी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।

१०१ गाउँपालिका अन्तर्गत सञ्चालित ७ शैयाको अस्थायी कोरोना अस्पताललाई १० शैयाको आधारभूत प्राथमिक अस्पतालको रुपमा सञ्चालनमा ल्याई २४ सै घण्टा इमर्जेन्सी सेवा प्रदान गरिनेछ । हाल उपलब्ध X- Ray मेसिन सञ्चालनमा ल्याउनुको साथै USG / ECG सेवा प्रदान गर्नको लागि आवस्यक श्रोत साधन र जनशक्तिको व्यवस्था गरिनेछ ।

१०२ गाउँपालिका अन्तर्गत उपलब्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आवस्यक पर्ने औजार उपकरणको सुनिश्चतता गर्नुको साथै ल्याव सेवा विस्तार गरिनेछ ।

पैयूं गाउँपालिका
गाउँपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१०३ गाउँपालिका अन्तर्गत सामुदाय स्तरमा सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुको सेवा प्रभावकारी बनाउन ६० वर्ष उमेर पुगेकालाई सम्मानजनक विदाई र नयाँलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१०४ गाउँपालिका भित्र स्थायी बसोबास गर्ने महिलाहरु सुत्केरी भएको अवस्थामा उचित पोषणको व्यवस्था गरिनेछ । **उपाध्यक्षसंग गर्भवती र सुत्केरी सधो विसधो कार्यक्रम** सञ्चालन गरिनेछ ।

१०५ पालिका अन्तरगत निर्माण संम्पन्न भएका स्वास्थ्य संस्थाका भवनहरुको लागि आवश्यक फर्निचरको व्यवस्था गरिनेछ ।

१०६ जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यकतानुसार ह्वील चियर, वैशाखी, वेड, ईयर डिभाईस लगायतका सामग्रीहरुको व्यवस्था गरिनेछ ।

१०७ सबै प्रकारका हिंसाहरु, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत र कुप्रथामुक्त गाउँपालिका निर्माण गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

१०८ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । एकल महिला, विपन्न तथा न्यून आय भएकाहरुका लागि आयमूलक एवं क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

१०९ सबै प्रकारका फरक क्षमता भएका व्यक्तिहरुका लागि क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लाने नीति अवलम्बन गरी **वृद्ध, वृद्धा तथा अपाङ्गता भएका नागरिक संग अध्यक्ष कार्यक्रम** सञ्चालन गरिनेछ ।

११० जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइने छ । यस गाउँपालिकाको वडा नं. ३ वेउलीबास गोहपुकमा रहेको जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई थप सुविधा सम्पन्न बनाइने छ ।

१११ निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरी सार्थक सहभागिताको सुनिश्चिता गरिनेछ ।

११२ बालबालिकासम्बन्धी बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ ।

११३ निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

११४ लक्षित वर्गका लागि सञ्चालन गरिने कार्यक्रमहरुमा सिमित टाठाबाठा व्यक्तिको हालिमुहाली (Ellite Capture) निरुत्साहित गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

११५ आदिबासी जनजाति लगायत स्थानीय मौलिक भाषा संस्कृति, भेषभुषा तथा परम्पराहरुको संरक्षण एवं सम्बर्द्धन गरिने छ।साथै गाउँपालिकाका सबै जातजातिको मौलिक सँस्कृतिको संरक्षण गर्नका लागि **एक संग्रहालय** स्थापनाको कार्य अगाडि वढाइने छ ।

मैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

११६ परम्परागत शैलीमा निर्मित संरचना जस्तैः **घुमाउने छानो सहितको घर** आदिको संरक्षणक्षेत्रलाई निरन्तरता दिइने छ ।

११७ गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातिहरुको संरक्षणका लागि ठोस तथा प्रभावकारी कदम चालिनेछ।

११८ **खरको छानो विस्थापन गर्न "सुरक्षित नागरिक आवास कार्यक्रम"** लाई थप प्रभावकारी बनाइने छ।

११९ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धन गरिने छ।

१२० सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप समितिलाई थप प्रभावकारी बनाउन मध्यम अवधिको क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

१२१ समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, बालविवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिने छ जाँड रक्सी, जुवातास तथा लागू औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतीलाई नियन्त्रण गरिनेछ ।

१२२ गाउँपालिकाको सबै घरहरुमा सफा र स्वच्छ खानेपानीको सहज पहुँचको आवश्यक व्यवस्था मिलाइने छ । पूर्ण सरसफाईसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरी सरसफाईको क्षेत्रमा नमुना गाउँपालिकाको रूपमा स्थापित गरिनेछ। **एक घर एक धारा**को नीति लिईने छ ।

१२३ परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गेधारा, पोखरीहरुको संरक्षण एवं सम्वर्द्धन गरिनेछ ।

१२४ गाउँपालिका क्षेत्रभित्र रहेका शहरोन्मुख स्थानहरुमा आवश्यकतानुसार डस्टविन र सार्वजनिक शौचालयहरुको व्यवस्था गरिनेछ ।

## <u>पुर्वाधार क्षेत्र</u>

**सदस्य ज्यूहरु,**

१२५ सडक यातायातलाई व्यवस्थित गर्न गाउँपालिकाको **यातायात गुरु योजना** वनाउन थालनी गरिनेछ।

१२६ सडक निर्माणमा नयाँ ट्र्याकहरु खोल्ने कार्यलाई व्यवस्थित गर्दै सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी **सबै र सधैंका लागि सडक** को मूल मर्मलाई आत्मसात गरिनेछ ।

१२७ सडक,पुल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

१२८ आगामि ३ वर्ष भित्र गाउँपालिकाको केन्द्र देखि सवै वडाको केन्द्र पक्की सडक मार्फत जोडिनेछ ।

१२९ निर्माण नभएका एवं भाडामा सञ्चालन भएका ३ र ६ नं. वडा कार्यालयहरु १ वर्ष भित्र निर्माण सम्पन्न गरिने छ । साथै आगामि १८ महिना भित्र पालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा सञ्चालन हुनेछ ।

१३० ग्रामीण तथा कृषि सडकहरु निर्माण गर्दा स्थानीयस्तरमा हुने कृषि उत्पादनका आधारमा प्राथमिकता दिइनेछ।

१३१ गाउँपालिकाभित्रका सडकहरुलाई वर्षैभरि सञ्चालनमा राख्न तथा पूर्वाधारसम्बन्धी संरचनाहरुको नियमित मर्मत सम्भारका लागि गाउँपालिकामा **एक मर्मत सम्भार कोष** स्थापना गरिनेछ । वर्षायामको समाप्ति र शारदीय पर्वहरुको आगमन पूर्व पालिकाका ७ वटै वडाहरुमा **हाम्रो वडा राम्रो वडा** कार्यक्रम सञ्चालन गरी बाटो सरसफाई लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२ गाउँपालिकाको तर्फबाट कार्यान्वयन हुने भौतिक निर्माण तथा विकासका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षणमा वडा समितिलाई थप जिम्मेवार बनाइने छ ।

१३३ आगामी २ वर्ष भित्र पालिकास्तरमा १ बसपार्कको स्थापना गरिनेछ।

१३४ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको लगत सङ्कलन गरी नियमानुसार सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिने छ ।

१३५ वैकल्पिक ऊर्जाको विकासमा जोड दिईनेछ ।गाउँपालिकाभित्रका शहरोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३६ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्वच्छ पत्रकारिता गर्ने सञ्चारकर्मी/पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ।गाउँपालिकाभित्र सञ्चालन हुने एफ. एम. रेडियो लगायत सञ्चार मिडियालाई प्रोत्साहन गरिनेछ ।

१३७ सवै वडाहरुमा लाईनफोन तथा इन्टरनेट सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

१३८ निजि क्षेत्र, गैर सरकारी संघ संस्था/व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकिय पूर्वाधार सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

१३९ सवै प्रकारका विपद्बाट सिर्जना हुने संकटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद व्यवस्थापन कोषमा पर्याप्त बजेटको व्यवस्था गरिनेछ । विपद्मा परेका जनताहरुलाई तत्काल आर्थिक सहायता प्रदान गरिनेछ ।

१४० कोभिड-१९ बाट सिर्जना भएको वर्तमान परिस्थितिलाई व्यवस्थित गर्न कोरोना कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।

१४१ संघ तथा प्रदेश सरकारसँग सहकार्य गरी सेतीखोलामा तटबन्ध गरिने छ ।

१४२ स्थानीय जनताको सहभागिताको माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जनजीवनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइने छ ।

१४३ सामुदायिक वन तथा खाली जग्गामा वर, पिपल, समी तथा रुद्राक्षका बिरुवाहरु रोपिने छ ।

१४४ गाउँपालिकाभित्र बढ्दै गरेको सहरीकरण र फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि गाउँपालिकामा १ व्यवस्थित ल्याण्डफिल्ड साईटको निर्माण कार्य तत्काल अगाडि बढाईनेछ।

१४५ लोपोन्मुख वनस्पति, जडिबुटी र वन्यजन्तुहरुको पहिचान, संरक्षण र सम्वर्द्धन गरिनेछ ।

पैयुं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१४६ भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यमा तत्काल कार्य अगाडि वढाई भूक्षयलाई रोक्ने उपाय अवलम्वन गरिनेछ ।

१४७ जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणमा टेवा पुर्याउने जनचेतना मुलक कर्यक्रमलाई जोड दिइनेछ ।

१४८ गाउँपालिकाभित्र रहेका विपद जोखिमयुक्त स्थानहरुको पहिचान गर्नुका साथै बाढी, पहिरो, भूकम्प लगायतका विभिन्न प्राकृतिक विपद्का क्रममा प्रयोग गर्न सकिने सुरक्षित स्थलहरुको पहिचान गरी सबैलाई सु सूचित गराइनेछ ।

१४९ स्थानीय तहको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना वनाइने छ । विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गरी विपद् पूर्वतयारी सम्बन्धी जनचेतना फैलाउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५० गाउँपालिका क्षेत्रमा वन्यजन्तुबाट भएको अतिक्रमण विशेष गरी बाँदर आतङ्कलाई मध्यनजरगरी बाँदर नियन्त्रणको दीर्घकालीन समाधानका लागि सामुदायिक तथा निजी वन र खुला जमिनहरुमा छिट्टै फल्ने फलफूलका बोट विरुवाहरु रोपिने छ ।

१५१ मनसुन अवधिमा बाढि पहिरोजन्य विपदबाट क्षतिग्रस्त निजि आवास पुन निर्माण तथा पुनस्थापनका लागि अनुदान उपलब्ध गराइनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**सदस्य ज्यूहरु,**

१५२ सेवा प्रवाहमा जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु,महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिइनेछ ।

१५३ सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधिमार्फत् सञ्चालन गरिएकोमा यस कार्यलाई थप प्रभावकारी वनाइने छ ।

१५४ सेवाप्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत सार्वजनिक सेवाप्रवाहलाई थप छिटो छरितो र सहज बनाइनेछ ।आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१५५ वित्तिय सुशासनको नीति अवलम्वन गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरिनेछ । त्यसका लागि आधुनिक सफ्टवयर प्रणालीको समेत प्रयोग गरिनेछ ।

१५६ गाउँपालिकाबाट सम्पादन हुने कार्यहरुलाई नियमानुसार सार्वजनिक गर्दै सार्वजनिक सुनुवाइलाई नियमित बनाइनेछ ।

१५७ पञ्जीकरण, जिन्सी, लेखा र योजना लगायत सञ्चालनमा रहेका Software को प्रयोगलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ ।

१५८ कर्मचारीहरुको पेशागत व्यवसायिकता अभिवृद्धि तथा उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१५९ गाउँपालिकाबाट प्रवाह गरिने अत्यावश्यक सामाजिक क्षेत्रका सेवाहरुलाई लक्षित जनतासम्म पुर्याउन घर दैलो/घुम्ती सेवा सञ्चालन गरिने छ ।

१६० पालिकाको कार्य प्रक्रिया र उपलब्धिहरुको लेखाजोखा गरी सवल र दुर्बल पक्षहरुको पहिचाहन गर्दै विकास तथा सुशासनमा रहेका कमि कमजोरिहरुको सुधारका लागि आवधिक समिक्षा/संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने नीति अवलम्वन गरिनेछ ।

१६१ गाउँपालिकाको शान्ति सुव्यवस्था कायम गर्न प्रहरी/प्रशासन लगायत अन्य सामाजिक संघ संस्था संग समन्वय गरिनेछ। गाउँपालिकाका सबै वडाहरुमा प्रहरी यूनिट स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१६२ स्थानीय आवस्यकता र निजि तथा गैर सरकारी संघसस्थाको सेवा उपलव्धता वीच सामन्जस्याता कायम हुने गरी निजी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१६३ निजी क्षेत्रसँग रहेको पूँजीलाई गाउँपालिकाभित्र परिचालन गर्ने वातावरण निर्माण गरिनुका साथै सामाजिक उत्तरदायित्व (Social Corporate Responsibility) बहनतर्फ उन्मुख गराइनेछ ।

**सदस्य ज्यूहरु,**

१६४ स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई समुन्नत वनाउदै आर्थिक, सामाजिक र संस्कृतिक सवै क्षेत्रको तिव्र विकास गरी आधुनिक कृषि प्रविधि पर्यटन र पूर्वाधार पैयूँबासीको समृद्धिको आधार भन्ने दीर्घकालिन लक्ष पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

१६५ यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुदै जाने छ ।

१६६ यी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सवै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास गर्दछु।

१६७ अन्त्यमा, पैयूँको विकासमा योगदान पुर्याउने स्थानीय राजनैतिक दलहरु, निजिक्षेत्र र सहकारी क्षेत्रहरु प्रति आभार प्रकट गर्दछु । आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवि, स्थानीय नागरिक समाज, वुद्धिजीवि, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासी जनतालाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३